

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २४ गते बिहीबार ❑ 7 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## राष्ट्रपतिसमक्ष नवनियुक्त उपप्रधानमन्त्रीसहित मन्त्रीहरुको शपथ

रासस
काठमाडौं, २३ फागुन



राष्ट्रपति रामचन्द्र पौडेलले तीन उपप्रधानमन्त्रीसहित १६ नवनियुक्त मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ८० अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सिफारिसमा उपप्रधानमन्त्रीसहित नवनियुक्त मन्त्रीहरुलाई बुधबार राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित समारोहमा पद तथा गोपनीयताको शपथ गराउनुभएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट उपप्रधानमन्त्रीसहित भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, रक्षामन्त्री हरिप्रसाद उप्रेती, खानेपानीमन्त्री राजेन्द्र राई, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरी, कृषि तथा पशुपन्छीमन्त्री ज्वालाकुमारी साह र भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीले आज पद तथा गोपनीयतको शपथ लिनुभएको हो ।

यसैगरी नेकपा (माओवादी केन्द्र)का तर्फबाट उपप्रधानमन्त्रीसहित परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री वर्षमान पुन, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले शपथ लिनुभयो । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उपप्रधानमन्त्रीसहित गृहमन्त्री रवि लामिछाने, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ र युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले शपथ लिनुभएको छ । पद तथा गोपनीयतको शपथ लिनेमा नेकपा (एकीकृत समाजवादी) का तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशी र सहरी विकासमन्त्री धनबहादुर बुढा हुनुहुन्छ ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री दाहाल, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललगायत विशिष्ट व्यक्तित्वको उपस्थिति थियो । पहिलो चरणमा विनाविभागीय मन्त्रीका रुपमा नियुक्त हुनुभएका नेकपा (एमाले)का पदम गिरी, नेकपा माओवादी केन्द्रका हितबहादुर तामाङ र राष्ट्रिय स्वतन्त्र पार्टीका डोलप्रसाद अर्यालले यही फागुन २१ गते शपथ लिनुभएको थियो । मन्त्रीमण्डल पुनर्गठनका क्रममा आज एमालेका गिरीलाई कानुन, न्याय तथा संसदीय व्यवस्था, माओवादी केन्द्रका तामाङलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र स्वतन्त्र पार्टीका अर्याललाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी तोकिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री दाहालले सम्हाल्नु हुनेछ ।

## महाशिवरात्रि पर्वको अवसरमा पोखरामा उखु भित्रियो



पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन

महाशिवरात्रि पर्वको अवसरमा पोखरामा उखु भित्रिएको छ । यस बर्ष पोखरामा गण्डकी प्रदेशका २ जिल्लाबाट उखु भित्रिएको हो ।

प्रदेशको गोर्खा र तनहुँबाट मात्र उखु महाशिवरात्रि पर्वलाई लक्षित गरी उखु भित्रिएको व्यवसायीहरु बताउछन् ।

यही फागुन २५ गते शुक्रबार महाशिव रात्रि पर्वलाई लक्षित गरी गोर्खाको च्याङलीङबाट धेरै मात्रामा र तनहुँको दामौलीबाट केही मात्रामा पोखरामा केही दिन देखि उखु भित्रिएको पोखरा शान्तिवन वाटिकामा रहेको कृषि उपज बजार व्याबस्थापन समितिका योजना सहायक रुपा दाहालले बताइन् । कालोजातको उखु खानको लागि र सेतो जातको उखु शिवरात्रिको अवसरमा धुनि लगाउदा पट्काउन प्रयोग गरीने भएको एक व्यवसायि अर्जुन कुमार श्रेष्ठले बताए । पोखरामा सामान्यतया होलसेल मुल्य कालो उखु प्रति लार्को ६० देखि ९० र सेता उखुको प्रति लार्कोको मुल्य २० देखि ३० रुपैया पर्ने भएको श्रेष्ठले जनाए ।

बजारमा सेतो उखु प्रति लार्को ४० देखि ५० र कालो उखु प्रति लार्को १ सय देखि १ सय ५० मा बिक्रि हुन थालेको छ । शिवरात्रिको अवसरमा साँझ देखि वेलुकासम्म देशका विभन्नि ठाँउका शिव मन्दिर एवं चौतारामा धुनी लगाउने र उखु पट्काउने तथा उखु खाने प्रचलन रहेको छ ।

## माओवादीद्वारा गण्डकी सरकारलाई दिएको समर्थन फिर्ता

पोखरापत्र संवाददाता
पोखरा, २३ फागुन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले गण्डकी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

बुधबार बसेको संसदीय दलको बैठकले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको सो दलका नेता हरिबहादुर चुमानले जानकारी दिनुभयो । माओवादी केन्द्रले समर्थन फिर्ता लिएसँगै नेपाली कांग्रेस नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेको छ ।

यसअघि मङ्गलबार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माओवादी केन्द्रका दुई मन्त्रीलाई पदमुक्त गर्नुभएको थियो ।

## पञ्चकोटले मानवता र मातृत्वको भावनालाई संस्थागत गर्‍यो : अध्यक्ष ओली

पोखरापत्र संवाददाता
बागलुङ, २३ फागुन



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पञ्चकोटले मानवीय र मातृत्वको भावनालाई थप बलियो बनाउँदै लगेको बताउनुभएको छ ।

धार्मिक तपोभूमिका रुपमा दामोदर कुण्डदेखि त्रिवेणीधामलाई समेटेर निर्माण भइरहेको पञ्चकोटले देशप्रतिको मायालाई प्रगाढ बनाउन मद्दत गरेको उहाँले उल्लेख गर्नुभयो ।

बागलुङ नगरपालिका-६ पञ्चकोटमा यही फागुन ९ गतेदेखि सञ्चालित अनन्तश्री ब्रह्माण्डीय महायज्ञको समापन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले धौलागिरि क्षेत्र पवित्र धार्मिक तपोभूमि रहेको उल्लेख गर्दै कमलनयनाचार्यको पहलमा भइरहेको धार्मिक विकासले नेपालीको मनलाई एकापसमा जोड्न सकेको बताउनुभयो । "दामोदर कुण्ड, मुक्तिनाथ र त्रिवेणीधामलाई पवित्र कालीगण्डकीले जोडेको छ, यहाँको धार्मिक क्षेत्रको प्रसार गर्नका लागि पञ्चकोटमा विशाल महायज्ञ आयोजना भयो, यति ठूलो महायज्ञ सम्पन्न गरेकामा यहाँका सङ्कल्पकर्ता र स्थानीयलाई धन्यवाद दिन चाहन्छु", अध्यक्ष ओलीले भन्नुभयो, "स्थानीयको मानवीय भावना र मातृत्वलाई संस्थागत गर्न पञ्चकोटले ठूलो योगदान पुर्‍याएको पाए, पञ्चकोटले पवित्र कालीगण्डकी, शालग्राम शिला र बह्माण्डको संरक्षणका लागि महायज्ञ आयेजना गर्नु आफैँमा सन्देशमूलक छ ।"

धर्मको नाममा अन्य राष्ट्रमा भइरहेको अत्याचार, हिंसा र अपराधलाई निरुत्साहित गर्दै नेपाली समाज मिलेर बसेको उल्लेख गर्दै अध्यक्ष ओलीले नेपालीको मनलाई धर्मले संस्थागत गर्दै एकापसमा मानवीय भावना पैदा गरेको बताउनुभयो । एउटा व्यक्तिको सङ्कल्पमा पञ्चकोटमा विशाल संरचना तयार भएको भन्दै उहाँले स्वामी कमलनयनाचार्यको प्रशंसा गर्नुभयो । अध्यक्ष ओलीले पञ्चकोटको पूर्वाधारका लागि सङ्घीय सरकारले विनियोजन गरेको रु १० करोड उपलब्ध गराउन पहल गर्ने बताउनुभयो ।

सो अवसरमा स्वामी कमलनयनाचार्यले २०७१ फागुन ९ गते पञ्चकोटमा निर्माण थालिएको १०८ फिट अग्लो विश्वशान्ति कलशको शिलान्यास समारोहमा सहभागी भएर अध्यक्ष ओली संस्थापक सदस्यसमेत हुनुभएको जानकारी दिनुभयो । कार्यक्रममा नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले स्वामी कमलनयनाचार्यले पञ्चकोट गृह जिल्लामा मात्र नभएर मुस्ताङ, म्याग्दीसहितका जिल्लामा धार्मिक पूर्वाधार निर्माण गरिरहनुभएको उल्लेख गर्नुभयो ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगलेः**

- **बालबालिकाको आँखाको ज्योति कमजोर हुने,**
- **दिमागमा असर पर्ने,**
- **समयमा नसुत्ने,**
- **खानपान तथा दिसापिसाबमा ध्यान नदिने,**
- **एकान्तमा बस्न मन पराउने,**
- **झिज्याहट हुने,**
- **साथीहरुसँग घुलमिल नहुने,**
- **एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,**
- **बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,**

***बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ओलम्पिक खेलाडीहरुलाई गण्डकी सरकारको मासिक ५ हजार सहित सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

गण्डकी प्रदेश सरकारले ओलम्पिक खेलमा सहभागी प्रदेशका ९ जना ओलम्पियनहरुलाई मासिक भत्ता ५ हजार सहित सम्मान गरेको छ।

बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मासिक ५ हजारका दरले (वार्षिक ६० हजार) सहित कार्यालयमै प्रदेशका ओलम्पियन ९ जना खेलाडीहरुलाई सम्मान गर्नु भएको हो । सम्मानीत हुनेहरुमा बाग्लुङका भगवती खत्री, गोरखाका टिकाबहादुर बोगटी, ऋषिराम प्रधान, ज्ञानबहादुर बोहोरा, तनहुँका सिताराम शाही, राजेन्द्रबहादुर भण्डारी, कास्कीका मनिषा अधिकारी, नारायणबहादुर गुरुङ र नवलपुरका तिलकराम थारु रहनुभएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बुधबार आयोजित कार्यक्रममा ओलम्पियनहरुलाई सम्मान गर्दै मुख्यमन्त्री पाण्डेले सरकार र खेलाडी बिचको सम्बन्ध खेल खेलिरहेका बेला मात्र नभई सँधै रहिरहोस् भन्ने उद्देश्यले उक्त



भत्ता सहितको सम्मान गरिएको बताउनु भयो । उहाँले भन्नु भयो " हिजो राष्ट्रका लागि खेल्नुभएका खेलाडीहरु आज कहाँ हुनुहुन्छ, के गर्दै हुनुहुन्छ, राज्यले उहाँहरुलाई सम्झनुपर्छ भन्ने लागेर प्रदेश सरकारले यो कार्यक्रम संचालन गरेको हो' यसको रकम थोरै भए पनि हामीले खेलाडीहरुको हौसलाको लागि सुरुवता गरेका हौं ।" उक्त कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिने सरकारको योजना रहेको उहाँले जनाउनु भयो । गण्डकी प्रदेश सरकारले खेलाडी कल्याणकारी कार्यक्रम अर्न्तगत यस वर्ष प्रदेश खेलकुद परिषद्मा सुचिकृत भएका ५ सय ९४ जना रेफ्रि तथा प्रशिक्षक र राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भएका १ सय जनाको स्वास्थ्य बिमा गरेको परिषदले जनाएको छ। उक्त बिमा लागु भए पश्चात दुर्घटनामा परी मृत्यु हुदा ४ लाख जोखिम बहन गर्ने भएको छ भने घाइते हुँदा उपचार खर्च १ लाख २५ हजारसम्म प्राप्त गर्न सकिने भएको छ।

खेल क्षेत्रको बिकास, खेलाडीको सम्मान र नयाँ पुस्तालाई खेल तर्फ आकर्षित गर्न प्रदेश सरकारले खेल मैदान स्तरोन्नती, विद्यालय, जिल्ला स्तरीय प्रतियोगिता लगायतका कार्यक्रम संचालन गर्दै आएको प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताउनु भयो ।

प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोजकुमार गुरुङको अध्यक्षतामा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव प्रकाश पौडेल, नेपाल ओलम्पिक कमिटिका अध्यक्ष दिपक बिष्ट लगायतको सहभागिता रहेको थियो । गत जेठमा पोखरामा ओम्पियनहरुको भेलामा प्रदेशका मुख्यमन्त्री पाण्डेले प्रदेशका ओलम्पियन खेलाडीहरुलाई मासिक ५ हजार भत्ता दिने उद्घोष सहित बजेट विनियोजन गरेकोले उक्त रकम वितरण गरिएको हो । उहाँले करिब १० महिना अघि उत्तः रकम खेलाडीहरुलाई उपलब्ध गराउने उद्घोष गर्नु भएको थियो । अल्पमतमा परेको प्रदेश सरकारले आफ्नो अन्तिम समयमा यसरी खेलाडी सम्मान गरेको हो । माओबादी केन्द्रले सरकारलाई दिएको ७ जना सांसदको समर्थन बुधबार नै समर्थन फिर्ता लिएको थियो ।

# महिला सशक्तिकरणमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

महिलाका हक अधिकार सुनिश्चितताका लागि महिला सशक्तिकरण अपरिहार्य भएको यहाँ आयोजित एक कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

अन्तराष्ट्रिय महिला दिवसको अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्की र युएसआईडि जल जंगल परियोजनाद्धारा संयुक्तरुपमा आयोजित अन्तर कृया कार्यक्रममा बक्ताहरुले महिला सशक्तिकरणको खाँचो औल्याएका हुन । "महिलामा लगानी सभ्य र समुन्नत समाजको थालनी" नाराका साथ आयोजित कार्यक्रममा महिला सम्वन्धि संवैधानिक अधिकार अक्षरस कार्यान्वयन गर्न तीनै तहका सरकार जिम्मेवार हुनु पर्नेमा सहभागिको जोड थियो ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य अञ्जला चौधरीले दोश्रो प्रदेश पञ्चबर्षीय योजनामा महिला हक अधिकारको सुनिशिचितताालाई प्राथमिकतामा राख्ने तयारी भई रहेको जानकारी दिनुभयो । प्रदेशका ११ वटै जिल्लाका ८५ पालिकाकामा छलफल कार्यक्रमबाट प्राप्त सुझावका आधारमा महिला सशक्तिकरणमा जोड् दिइने बताउँदै उहाँले प्राप्त अधिकारको उपयोग गर्दै थप अधिकारका लागि महिलाहरु संगठित भएर लाग्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव शोभा गौतमले महिलाहरु आर्थिक रुपमा सक्षम हुनका लागि उद्यमी बन्नुपर्नेमा जोड दिंदै त्यसका लागि महासंघकातर्फबाट आवश्यक सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख एवम् सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य सरिता कुमालले पछिल्लो समय प्रत्येक क्षेत्रमा महिला सहभागितामा क्रमिकरुपमा वृद्धि हुँदै गएको बताउनुभयो ।

प्रदेश वन निर्देशनालयका उपसचिव करुणा कार्कीले महिलाले अवसर पाएमा जस्तो सुकै चुनौतिको सामना गर्न सक्षम रहेको बताउँदै आर्थिक, सामाजिक र सांस्कृतिक कारणले महिलालाई अघि बढ्न अहिले पनि चुनौती रहेको बताउनुभयो । कार्यक्रममा जल जंगल परियोजना सिनियर जेसी अधिकृत सुनिल चौधरी र किरण न्यौपानेले परियोजनाको लक्ष्य, नेपालमा महिलाको अवस्था, जलवायु परिवर्तन न्यूनिकरण सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ कास्कीका सचिव पार्वती सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमा महासंघ केन्द्रीय सदस्य हरि बास्तोला र गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदी, जिल्ला महासंघ अध्यक्ष विश्वनाथ लामिछाने, महानगर महासंघ सचिव सिता सापकोटा लगायतले महिला दिवसको महत्व र महासघले खेल्दै आएको भूमिका माथि चर्चा गर्नुभएको थियो । कार्यक्रममा सामुदायिक वन समुह, महिलासंघ सम्वन्धित विभिन्न संघसंस्था, कर्मचारी, वन विज्ञान अध्ययनरत विद्यार्थी सहित ५० जनाको सहभागिता रहेको थियो ।

# ललित गौचन स्मृति समाजसेवा सम्मान माछापुच्छ्रे महिला क्लबलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

नागरिक समाज पोखराले हरेक वर्ष प्रदान गर्दै आएको ललित गौचन स्मृति समाजसेवा सम्मान यस वर्ष पोखरा ७ स्थित माछापुच्छे महिला क्लबलाई प्रदान गरिएको छ । फोहोर मैला व्यवस्थापन र वातावरण सरसफाइ अभियानमा सकृर्य र उदारणिय कार्य गरे वापत क्लबलाई सम्मान गरिएको हो ।

सम्मान अर्पण गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले सामुहिक प्रयासले मात्र पोखरालाई सफा,सुन्दर र हरियाली बनाउन सकिने बताउदै समाजलाई सुसस्कृत बनाउन अहिले विद्यमान निराशा र अराजक्तालाई सकरात्मक प्रयास मार्फत निर्मुल पार्नु पर्ने बताउनु भयो । पोखरालाई हरित शहरका रुपमा विकास गर्न लागिएको स्पष्ट पार्दै वातावरण ,पर्यावरण मैत्री बनाउन खोजेको बताउदै घरमा हरियो रङ्ग पोत्ने पोखरामहानगरले कहि कतै निर्णय नगरेको स्पष्ट पार्नभयो । पोखरा ७ का वडा अध्यक्ष राममोहन आचार्यले आफ्नो वडाको क्लब




सम्मान भएकोमा खुसी व्यक्त गर्दै स्व.ललित गौचन संग लामो समयसम्म आफु पनि जोडिएर काम गरेको स्मरण गर्नुभयो । सम्पुर्ण संघ सस्थाको तर्फबाट बोल्दै मासबार आमा समुहका अध्यक्ष शारदा गिरीले सुरुवाती दिनमा स्व. ललित गौचन संग जोडिएर पोखरा ७ मा थुप्रै सामाजिक कार्य गरेको बताउनुभयो । व्यक्ति विशेषलाई दिदै आएको सम्मान यस वर्षबाट सकृय संस्थालाई दिनु सकरात्मक भएको बताउनु भयो । सम्मानित संस्था माछापुच्छे महिला क्लबको अध्यक्ष गिता पौडेलले सम्मानले आफ्नो क्लबलाई थप उर्जा मिलेको बताउदै फोहोरलाई मोहर बनाउन महानगरपालिका र वडाले सहयोग गरे थप सक्रियका साथ फोहोर मैला व्यवस्थापनमा लाग्ने बताउनुभयो । नगरिक समाज कास्कीका संयोजक नरेन्द्रमान लालचनको अध्यक्षतामा भएको कार्यक्ममा स्वगत सहित सम्मानित संस्थाको परिचय सम्मान कार्यक्रम संयोजक विष्णुहरि अधिकारी र संचालन समाजका पवक्ता गोकुल बहादुर कार्कीले गरेका थिए । सामाजिक क्षेत्रमा काम गर्दा गर्दै स्वागारोहण भएका ललित गौचनको स्मृतिमा राखिएको समाजसेवा सम्मानबाट यस अघि प्रभा पन्त,गरिराज अधिकारी,विश्वरत्न शाक्य,ईन्द्र गुरुङ, शिवमाया श्रेष्ठ, विष्णु प्रसाद गुरुङ,दिलिपराज श्रेष्ठ र सन्धया गुरुङ तुलाचन सम्मानित भईसकेका छन् ।

# नौ करोडको लागतमा नगर अस्पताल निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ फागुन

तनहुँको भानु नगरपालिका-५ मा रु नौ करोड लागतमा पुरनडिही अस्पतालको नयाँ भवन निर्माण गरिएको छ ।

सङ्घीय सरकारको रु नौ करोड ३४ लाखको लागतमा अस्पतालको नयाँ भवन निर्माण गरिएको हो ।

पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी नगरस्तरीय अस्पताल बनाउँदै भवन निर्माण गरिएको र भवनको काम अन्तिम चरणमा पुगेको छ । नगरस्तरीय अस्पतालमा विशेषज्ञ चिकित्सकसहित ३० जना स्वास्थ्यकर्मीको दरबन्दी हुनेछ । भवन निर्माणका लागि नेपाल सरकार र घिसिङ, कुँवर जेभी कन्ट्रक्सन प्रालिसँग २०७८ साउन १४ गते ठेक्का सम्झौता गरिएको थियो । सम्झौताअनुसार निर्माण कार्य २०८० माघ १० गतेभित्र सम्पन्न गर्नुपर्ने भए तापनि ७४ प्रतिशत मात्रै काम सम्पन्न भएको इन्जिनियर निरज साहले जानकारी दिनुभयो उहाँका अनुसार आगामी असोज महिनाभित्र निर्माण सम्पन्न गरी नगरपालिकालाई हस्तान्तरण गरिनेछ । नवनिर्मित अस्पताल भवन दुई तलाको छ ।

हाल पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्रमा गण्डकी प्रदेश सरकार, एकीकृत सेवाअन्तर्गत आयुर्वेदिक चिकित्सक एक जना, जनस्वास्थ्य निरीक्षक एक जना, स्टाफ नर्स दुई जना, अनमी चार जना, अहेव सात जना, ल्याब असिस्टेन्ट एक जना, कार्यालय सहयोगी चार जना छन् । अस्पतालका लागि लोकसेवा आयोगद्वारा दुई जना एमबिबिएस डाक्टर, छात्रवृत्ति करारका लागि एक जना डाक्टर सिफारिस भएको छ । उहाँले भन्नुभयो, "केही दिनमै उहाँहरु अस्पतालमा आएर स्थानीयलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ ।" हाल अस्पतालबाट दैनिक एक सय भन्दा बढी बिरामीले सेवा लिँदै आएका छन् ।

## ग्राहक वर्गका लागि जानकारी


**बजारमा नक्कली Shadow ले गर्दा अनुहारमा कालोपन तथा एलर्जी जस्तो समस्या देखिएकाले गर्दा त्यस्तो समस्या देखिएमा नक्कलीदेखि सावधान रहन तथा सम्बन्धित निकायमा खबर गर्नु हुनका साथै समान खरिद बिक्री गर्दा बिल लिन दिनु हुन पनि सबैमा अनुरोध गर्दछौं । सामान किन्दा Product मा Importer को Sticker भए नभएको पनि राम्रो सँग हेरेर मात्र खरिद गर्न हुन पनि यसै सूचना मार्फत ग्राहक वर्गमा जानकारी गराईन्छ ।**

Dr and Dr Surgimed
Pokhara-9
Authorized distributor of Fixderma
Ph: 061-574484

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# मन्त्रालय बाँडफाँडमा एमाले लचिलो

नयाँ गठबन्धनमा रहेका दलहरु मध्ये जनता समाजवादी बाहेका दलहरु सरकारमा सामेल भएका छन । पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषदमा थपिएका १६ जना मन्त्रीहरुले सथप ग्रहण गरेका छन् । मन्त्रिपरिषद २० सदस्यीय भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष १६ जना मन्त्रीले पद तथा गोपनीयताको सपथ लिएका छन। राष्ट्रपति पौडेलले तीन जना उपप्रधानमन्त्रीलाई बेग्लै र बाँकी १३ जना मन्त्रीहरुलाई बेग्लै सपथ गराएका छन् । नयाँ मन्त्रिपरिषदमा नेकपा एमालेले राजेन्द्रकुमार राईलाई खानेपानीमन्त्री, पदम गिरीलाई कानुनमन्त्री, भगवती चौधरीलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको जिम्मेवारी दिएको छ। त्यसैगरी, बलराम अधिकारीलाई भूमि व्यवस्था मन्त्रालयको जिम्मेवारी दिइएको छ । एमालेले दामोदर भण्डारीलाई उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री र हरि उप्रेतीलाई रक्षा मन्त्रालयको जिम्मा दिएको छ भने ज्वालाकुमारी साह कृषिमन्त्री बनेकी छिन् । एमालेले रघुवीर महासेठलाई उपप्रधान एवं भौतिक पूर्वाधारमन्त्री बनाएको छ । यसअघि एमालेबाट मन्त्री भएका पदम गिरीलाई कानुनमन्त्रीको जिम्मेवारी दिइएको छ ।

यता नेकपा माओवादी केन्द्रले भने नारायणकाजी श्रेष्ठलाई परराष्ट्रमन्त्री बनाएको छ भने वर्षमान पुनलाई अर्थमन्त्रालयको जिम्मेवारी दिएको छ । रेखा शर्मा सञ्चार र शक्ति बस्नेत ऊर्जामन्त्री भएका छन् । माओवादीले यसअघि सपथ ग्रहण गरिसकेका हितबहादुर तामाङलाई पर्यटन मन्त्रालयको जिम्मेवारी दिएको छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रवि लामिछाने उपप्रधानमन्त्री एवं गृहमन्त्री, उपसभापति डीपी अर्याल श्रममन्त्री, खेलकुदमन्त्रीमा विराजभक्त श्रेष्ठ र सहमहामन्त्री सुमना श्रेष्ठलाई शिक्षा मन्त्रालय पठाएको छ । गठबन्धन सरकारमा जाने निर्णय गरेको नेकपा एकीकृत समाजवादीले भने भानुभक्त जोशीलाई संघीय मामिला र धनबहादुर बुढालाई शहरी विकासमन्त्रालयको जिम्मेवारी दिइएको छ । यसअघि चारदलीय गठबन्धनको सहमतिपत्रमा हस्ताक्षर गरेको जनता समाजवादी पार्टी जसपा नेपालले भने आफ्नो तर्फबाट सरकारमा सहभागी हुने मन्त्रीबारे कुनै निर्णय लिएको छैन । भूराजनीतिक कारणले जसपालाई सरकारमा कसलाई पठाउने गाह्रो परेको छ । शक्ति र श्रोतका कारण महत्त्वपूर्ण मानिएका गृह, अर्थ, परराष्ट्र, ऊर्जा, पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता मन्त्रालय अन्य दललाई दिएर गठबन्धनको ठूलो दल एमालेले उदारता देखाएको छ। एमालेले गठबन्धन भत्काएर नयाँ बनाउनुलाई नै आफ्नो भागमा परेको सबैभन्दा ठूलो उपलब्धि ठानेको छ ।

एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले एमाले छाडेर कांग्रेससँग फर्किएको ठीक एक वर्ष पुगेकै दिन एमालेले गठबन्धन भत्काएर प्रचण्डलाई आफूतिर फर्काउन सकेको छ । सर्वोच्च अदालतको फैसलाबाट नेकपाको कानूनी विभाजनपछि अलग बनेका ओलीसँग प्रचण्ड-माधवको एकै गठबन्धनमा पुनर्मिलन भएको छ । २०७७ फागुन २३ गते आजकै दिन अदालतले तत्कालीन नेकपा विघटन गरेर एमाले र माओवादीलाई अलग गरिदिएको थियो । त्यसयता ओली र प्रचण्डबीच गत वर्ष २ महिना सहकार्य भए पनि माधव नेपालसहितको सत्ता सहयात्रा भने ठीक फागुन २३ कै दिन जुरेको छ । फागुन २३ मा विभाजित नेकपा पुनः एकीकरणको पहिलो खुड्किलो पनि यही संयोगलाई कतिपयले मान्न सक्छन् । सर्वोच्च अदालतको फैसलाबाट नेकपाको कानूनी विभाजनपछि अलग बनेका ओलीसँग प्रचण्ड-माधवको एकै गठबन्धनमा पुनर्मिलन भएका छन । २०७७ फागुन २३ गते अदालतले तत्कालीन नेकपा विघटन गरेर एमाले र माओवादीलाई अलग गरिदिएको थियो । तर, अब ओलीले विगतमा जस्तो आफू अल्पमतमा पर्ने वा आफूलाई अप्ठरो हुने एकता गर्लान् भन्ने चाहिँ सोच्न सकिन्न । एमाले अध्यक्ष ओली यस पटक एकाएक 'एक्स्ट्रिम रिभर्स'मा गएका छन् ।

मन्त्रालयको भागबन्डामा एमालेले कुनै पनि अडान लिएन । सरकारको नेतृत्व गरेको माओवादीले ५ वटा मन्त्रालय पाएको छ र पाँचवटै शक्ति अभ्यास र सेवा प्रवाहका हिसाबले शक्तिशाली 'क' श्रेणीका मन्त्रालय हुन् । अर्थ, परराष्ट्र, ऊर्जा, पर्यटन र सञ्चार मन्त्रालय भनेको शक्तिशाली मन्त्रालय मानिन्छन्, ती सबै माओवादीले पाएको छ । रास्वपाले पनि खोजेको र रोजेको मन्त्रालय पाएको छ । गृह, शिक्षा, श्रम तथा रोजगार र युवा तथा खेलकुद मन्त्रालय पाएको छ।एकीकृत समाजवादीले शहरी विकास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पाएको छ।जसपाका लागि स्वास्थ्य तथा जनसंख्या र वन तथा वातावरण मन्त्रालय छुट्टयाइएको छ । सरकारलाई सहज रुपले चल्ने बनाउन ठूलो दलले त्याग गर्नैपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वस्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'ट्र्याक' खुलेको २९ वर्षपछि सडक कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ फागुन

गण्डकी प्रदेशको गौरव आयोजनाका रूपमा रहेको मानपुर-डेडगाउँ-बुलिङटार सडकमा मङ्गलबारदेखि कालोपत्र सुरु भएको छ । गत फागुन ७ गतेदेखि कालोपत्र गर्ने भनिए पनि प्राविधिकका कारण ढिलाइ हुन गएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ ।

'ट्र्याक' खुलेको २९ वर्षपछि कालोपत्र सुरु भएको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले रासससलाई जानकारी दिनुभयो । मुस्ताङको कोरोलादेखि नवलपुरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडकअन्तर्गत पहिलो चरणमा तनहुँ खण्डमा कालोपत्र थालिएको उहाँले बताउनुभयो । जिल्लाको घिरिङ गाउँपालिका-४ मानपुरबाट सुरु भएर डेडगाउँको सिमानासम्मको ११ किलोमिटर खण्डमा सडक कालोपत्र हुनेछ । उहाँले भन्नुभयो, "पहिलो चरणमा छ किलोमिटर निरन्तर हुन्छ, बाँकी पाँच किमी एक महिनापछि गरिनेछ ।" अस्फाल्ट प्रविधिको सबैभन्दा राम्रो गुणस्तरको कालोपत्र गरिन लागेको कार्यालय प्रमुख आचार्यले बताउनुभयो । कालोपत्र कार्य अघि बढाएसँगै उक्त सडक बन्द गरिएको छ । विसं २०५१ मा ट्र्याक खुलेको उक्त मार्गमा कालोपत्र गर्न लागिएको हो । उक्त खण्ड स्तरोन्नतिका लागि विसं २०७७ मङ्सिर ५ गतेदेखि काम सुरु भएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत रु २२ करोड ८५ लाख ४१ हजार सात सय ९३ को लागतमा कालोपत्र सुरु गरिएको आचार्यले जानकारी दिनुभयो । रु ३५ करोड १४ लाख ७४ हजार एक सय नौ लागत अनुमान गरिएकामा हेटौँडास्थित सपना निर्माण सेवाले रु १२ करोड २९ लाख ३२ हजार तीन सय १६ मा कालोपत्रको ठेक्का पाएको थियो । उक्त सडकको चौडाइ सात मिटर हुनेछ । सडकमा पाँच मिटरको कालोपत्र र एक मिटरको नाला निर्माण गरिनेछ ।

विसं २०७६ फागुन ७ गते सडक कालोपत्रको सम्झौता भएको थियो । ठेक्का भएलगत्तै नेपालमा कोरोनाको महामारीका कारण लकडाउन भएपछि निर्माण कार्य प्रभावित भएको उक्त निर्माण कम्पनीले जनाएको छ ।

# बेनी-जोमसोम-कोरला सडक आयोजना : तिप्ल्याङमा घरटहरा भत्काउन थालियो

**रासस**
म्याग्दी, २३ फागुन

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर, बेनी-जोमसोम-कोरला सडक योजनाअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ तिप्ल्याङमा सडकमा पर्ने घरटहरा हटाउन थालिएको छ ।

बेनी-जोमसोम-कोरला सडक योजनाले तिप्ल्याङस्थित सडक छेउछाउमा पर्ने घरटहराको क्षतिपूर्ति बुझ्न र संरचना यही फागुन २५ गतेभित्र हटाउन फागुन ११ गते १५ दिने सार्वजनिक सूचना जारी गरेको थियो । सम्बन्धित घरधनीले घरटहरा र गोठहरूको क्षतिपूर्ति बुझेर संरचना हटाउन थालेका बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुव झाले बताउनुभयो । "स्थानीयवासीले क्षतिपूर्तिको दररेटमा असहमति जनाएर क्षतिपूर्ति बुझ्न र संरचना नहटाउँदा तिप्ल्याङ बजारभित्र सडक विस्तार, नाली निर्माण हुनसकेको थिएन", उहाँले भन्नुभयो, "प्राविधिक टोलीले संरचनाको पुनःमूल्याङ्कन गरेको क्षतिपूर्ति रकम बुझ्न तयार भई संरचना हटाउन थाल्नुभएको छ ।" सडक छेउमा दुवैतर्फ नाली निर्माण गर्नुपर्ने भएकाले २० वटा घरटहरा, गोठहरूको क्षतिपूर्तिका लागि दुई वर्षअघि सिफारिस गरिएको थियो । गलेश्वरबाट तातोपानी खण्डको अधिकांश ठाउँमा सडक विस्तार र संरचना निर्माणको काम सकेर कालोपत्रको तयारी गरिए पनि तिप्ल्याङ खण्डमा करिब सात सय मिटर सडक विस्तार तथा नाली निर्माणको काम रोकिएको थियो । स्थानीयवासीको मागअनुसार प्राविधिक टोलीले पुनःमूल्याङ्कन र क्षतिपूर्तिको रकम संशोधन गरिएको हो । दायाँ र बायाँतर्फ नाली हुने सडक १२ दशमलव पाँच मिटर फराकिलो बनाउन संरचना भत्काउन लागिएको आयोजना प्रमुख झाले बताउनुभयो । राहुघाटबाट बेगखोला-तिप्ल्याङ-पोखरेबगर हुँदै भुरुङ तातोपानी खण्डमा पहिरो र नदी कटानको जोखिमयुक्त ठाउँबाहेक करिब १५ किलोमिटर दूरीमा कालोपत्र गर्न थालिएको छ । योजनाले म्याग्दीको गलेश्वरबाट मुस्ताङको जोमसोम जोड्ने ७६ किलोमिटर दूरीको सडकको क्षेत्राधिकारमा पर्ने एक सय ७८ वटा घरगोठ र टहराको करिब रु आठ करोड क्षतिपूर्ति वितरण गर्न दुई वर्षअघि प्रक्रिया थालेको थियो । सडकको क्षेत्राधिकारमा पर्ने स्थायी र अस्थायी संरचना पहिचान, नापजाँच र मूल्याङ्कन सकेर क्षतिपूर्ति वितरणको काम अझै जारी छ । म्याग्दीमा ८० र मुस्ताङका ९८ वटा घरटहरा र गोठ हटाउन क्षतिपूर्तिका लागि छनोट गरिएको थियो ।

बेनी-जोमसोम सडकको क्षेत्राधिकारभित्र पर्ने अस्थायी र स्थायी संरचना पहिचान गर्न सघन सहरी विकास तथा भवन डिभिजन कार्यालय बागलुङका इन्जिनियरको नेतृत्वमा प्राविधिक टोलीले नापजाँच गरी क्षतिपूर्तिका लागि सिफारिस गरेको थियो । पछिल्लो व्यवस्थाअनुसार सम्बन्धित आयोजना कार्यालयमार्फत सम्बन्धित संरचनाका धनीको बैंक खातामा रकम भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ । चीनको सिमाना कोरला नाका जोड्ने सडकलाई दुई लेनको बनाउन विसं २०७४ मा सुरु भएको आयोजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ ।

# विश्वकप क्रिकेटका लागि पाँच करोड निकासा

**रासस**
काठमाडौं, २३ फागुन

आइसिसी पुरुष टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि अर्थ मन्त्रालयले रु पाँच करोड निकासा गरेको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङले विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि उक्त रकम निकासा भएको जानकारी दिनुभयो । "नेपाली टोलीले क्रिकेटको विश्वकप जस्तो ठूलो प्रतियोगिता खेल्दै छ । विश्वकपको तयारीका लागि राष्ट्रिय खेलकुद परिषद्ले युवा तथा खेलकुद मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा रकम निकासाका लागि सिफारिस गरेको थियो । खेलकुदको महत्वलाई बुझेर रकम निकासा गर्न सहयोग गर्ने नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, अर्थ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभयो ।

नेपाली पुरुष क्रिकेट टोली विश्वकपका लागि छनोट भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली टोलीको तयारीका लागि लाग्ने खर्चमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सदस्य-सचिव घिसिङले खेलाडीले उच्च मनोबलका साथ तयारी गर्दै विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी नेपालको प्रतिष्ठा अझ अभिवृद्धि गर्ने विश्वास लिएको बताउनुभयो । उहाँले नेपाल क्रिकेट सङ्घ (क्यान) लाई पूर्ण तयारीका लागि गम्भीर भएर अगाडि बढ्नसमेत आग्रह गर्नुभयो । नेपालले घरेलु मैदानमा गत अक्टोबर ३० देखि नोभेम्बर ५ तारिखसम्म भएको आइसिसी पुरुष टी-२० विश्वकप एसिया रिजनल क्वालिफायरको सेमिफाइनल खेलमा युनाइटेड अरब इमिरेटस् (युएई)लाई आठ विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको थियो । आइसिसी पुरुष टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिता अमेरिका र वेस्ट इन्डिजमा आगामी जुन १ तारिखदेखि सञ्चालन हुँदैछ । नेपालले सन् २०१४ मा पहिलोपटक टी-२० विश्वकप क्रिकेट प्रतियोगिता खेलेको थियो ।

# मादी नदीमा पुल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ फागुन

दुई वडा जोड्नका लागि मादी नदीमाथि मोटरेबल पुल निर्माण थालिएको छ । तनहुँको व्यास नगरपालिका-५ र ७ जोड्न मोटरेबल पुल निर्माण थालिएको हो । सङ्घीय सरकारमार्फत सडक विभागले नै यहाँ पुल निर्माण गरिरहेको छ ।

उक्त पुल निर्माणका लागि नदीको दुवैतर्फ पिल्लर राख्ने काम भइरहेको एम/एस इन्द्रेणी निर्माण सेवा प्रालिका सञ्चालक बलबहादुर रानामगरले रासससलाई जानकारी दिनुभयो । नदीको बहाव कम भएको अवस्थामा नै काम गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "फाउन्डेसन र सबस्ट्रक्चर, डेक स्लाप, रोड एसेस र नदी संरक्षणसहितको काम गर्नेछौँ । यही हाम्रो मुख्य काम हो । विकाससँगै नदी संरक्षण हाम्रो दायित्व हो । सोही अनुसार काम गरिरहेका छौँ ।" पुल समयमा नै निर्माण गर्ने उद्देश्यले तीव्र गतिमा काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

लम्बाइ एक सय २५ मिटर र चौडाइ ११ मिटर पुल निर्माण गरिने उहाँले बताउनुभयो । विसं २०७९ पुस १४ मा रु २० करोड नौ लाख ५३ हजार तीन सयमा ठेक्का सम्झौता भएको थियो । उक्त पुल निर्माणको काम विसं २०८२ पुस ६ मा सकिने गरी सम्झौता भएको छ । साबिक श्याम्घा र क्यामिन गाविसलाई जोड्नका लागि विसं २०५२ मा झोलुङ्गे पुल निर्माण गरिएको थियो । झोलुङ्गे पुल निर्माण भएपछि पैदल यात्रा सहज भए पनि सामग्री ढुवानीमा सकस हुँदै आएको थियो । एउटा गाविसबाट अर्को गाविसमा सामग्री ढुवानी गर्नुभएको सकसको अन्त्यका लागि स्थानीयबासी लागिपरेका थिए । विसं २०६३ पुस ३ गते कृष्णप्रसाद घिमिरेको संयोजकत्वमा बसेको एक सय ९१ जनाको भेलाले मोटरेवल पुलको माग गरेको थियो । उक्त समितिले तत्कालीन सरकारसँग पटक-पटक मोटरेबल पुलको माग तथा प्रस्ताव पेस गर्दै आएको थियो । समितिले विसं २०६३ मा राष्ट्रिय योजना आयोगमा मोटरेबल पुलको मागसहित पुगेको स्थानीय प्रदीप घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार तनहुँ टुहुरे-पुसल-कलेस्ती मार्गअन्तर्गत कलेस्ती बजार वरपर मादी नदीमा एक मोटरेबल पुल निर्माण गरिनुपर्नेमा जोड दिइएको थियो । यस क्षेत्रका उपभोक्तालाई सहजरूपमा सामान र मानिस सवारीसाधनबाट वारपार गर्न मोटरेबल पुलको माग गर्ने निर्णय समितिले गरेको थियो । यस निर्णयसहित कृष्णप्रसाद घिमिरे, मायानाथ कोइराला, प्रदीप घिमिरे, वर्तमान वडाध्यक्ष कृष्णप्रसाद न्यौपानेलगायतको टोली योजना आयोगमा मोटरेबल पुलको माग गर्न पुगेका थिए ।

पटक-पटकको माग १७ वर्षपछि बल्ल पूरा हुँदै गएको घिमिरेले बताउनुभयो । पुल निर्माणपछि यहाँका स्थानीयले सामान ढुवानी र मानिस आवतजावतमा नै सवारीसाधन उपयोग गर्न पाउने भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रपतिकै गृहजिल्ला पनि भयो । उहाँकै दबाबपछि पुल निर्माणको कामले गति लिएको छ । यहाँका स्थानीयबासी खुसी भएका छन् । यहाँका स्थानीयलाई घुम्ती बाटो दमौली बजार पुग्नुपर्ने बाध्यता हट्नेछ । सवारीसाधन चल्ने मुख्य बाटोमा आइपुग्न हिँड्नुपर्ने बाध्यता हट्ने भएपछि यहाँका स्थानीयको खुसी छन् ।" पुल निर्माणले व्यास-५ चिन्टुटारका स्थानीय बढी लाभान्वित हुने भएका छन् । यस क्षेत्रमा पुग्न सडक भए पनि पुल नहुँदा घुम्ती बाटो उपयोग गर्नुपर्ने बाध्यता हट्ने भएको छ । यहाँका स्थानीयले जोखिम मोलेर नै झोलुङ्गे पुलमार्फत दुईपाङ्ग्रे सवारीसाधनमार्फत सामग्री ढुवानी र आवतजावत गर्ने गरेका थिए । झोलुङ्गे पुल भएकै स्थानमा मोटरेबल पुल निर्माण हुन थालेपछि यहाँका स्थानीयमा खुसी छाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ मा पात्ले टाकुरा कालीडहर सडक स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पात्ले टाकुरा कालीडहर सडक स्तरउन्नती
ठेगानाः पोखरा-१९, कास्की
योजना शुरु मितिः २०८०/१०/०३ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१५ गते
योजनाको कुल लागतः रु. १९,५८,८८८।८९
महानगरपालिकाबाटः रु. १७,६३,०००/-
जनसहभागिताबाटः रु.१,९५,८८८।८९
अध्यक्षः नारायण प्रसाद बाँस्तोला सम्पर्क नं.: ९८०६५४५९९८
निर्माण समिति सदस्य संख्याः ७ महिलाः ३, पुरुषः ४
इन्जिनियरः हरि बहादुर बस्नेत
सब इन्जिनियरः मेनुका भुजेल

**पात्ले टाकुरा कालीडहर सडक स्तरउन्नती उपभोक्ता समिति**
**पोखरा-१९, कास्की**



## वोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/११/२४)

**बालमन्दिर माध्यमिक विद्यालय पोखरा–३ नदीपुरमा शौचालय निर्माण गर्नु पर्ने भएकाले कार्य गर्न इच्छुक व्यक्ति तथा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र विद्यालयमा सम्पर्क गरी विद्यालयबाट उपलव्ध ढाँचामा शिलबन्दी कोटेशन भर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि विद्य(ालयमा सम्पर्क गर्न जानकारी गरिएको छ ।**

**बालमन्दिर माध्यमिक विद्यालय**
**पोखरा ३, नदीपुर**
**सम्पर्क नं. ०६१-५७१०८२**

# सरकारी कार्यालयमा पार्किङका लागि सर्वसाधारणलाई सधैँ निषेध

**रासस**
बागलुङ, २३ फागुन

जिल्ला प्रशासन कार्यालयसँग कार्यालय परिसरमा झण्डै दुई रोपनी जग्गा छ । भवन र आसपासका संरचनाबाहेक साना ठूला गरी २५/३० सवारीसाधन पार्किङ गर्न मिल्छ । यसअघि मूल ढोका बन्द हुँदा सेवाग्राहीले सडकमै पार्किङ गरेर सेवा लिँदै आएकामा अहिले प्रशासनले मूल ढोका खोल्न थालेको छ ।

जिल्लास्थित मालपोत कार्यालय परिसरमा पनि प्रशासनकै हाराहारीमा जग्गा छ । मुख्य भवन र अन्य केही संरचना बाहेकको जग्गामा तरकारी र फलफूल खेती गरिएको छ । मालपोतको कामका लागि आउने सेवाग्राहीले मूलगेटमा सवारी रोकेर सेवा लिन्छन् । कार्यालय परिसरभित्र सेवाग्राहीलाई पार्किङ निषेध गरिएको छ । कार्यालय परिसरमा पार्किङको प्रयास गरेपनि कर्मचारीले प्रवेश निषेध गर्ने गरेका सेवाग्राहीको गुनासो छ । आवारोडमा रहेको नेपाल टेलिकममा जग्गा लथालिङ्ग छ । आडैमा रहेको पर्यटन कार्यालय, त्यसको केहीपर धौलागिरि अस्पतालसँग पनि पर्याप्त जग्गा हुँदाहुँदै पनि सर्वसाधारणले पार्किङका लागि उपभोग गर्न पाउँदैनन् । कार्यालयका कर्मचारी र छिमेकका सवारीधनीलाई मात्रै पार्किङ सेवा दिइएको छ । कार्यालयमा पुगेका सेवाग्राहीले सडकमै सवारी पार्किङ गर्दा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको जिल्लास्थित ट्राफिक कार्यालयका प्रमुख सुमन न्युरेले बताउनुभयो ।

कम्तीमा सरकारी कार्यालयले सेवाग्राहीलाई सवारी पार्किङको सुविधा दिए बजार क्षेत्रमा हुने ट्राफिक जामको समस्या आधा कम हुने उहाँको भनाइ छ । सावरी जामका कारण बजार क्षेत्र अस्तव्यस्त देखिनुका साथै बजारको सौन्दर्यतामा कमी आएको भन्दै यसले सडक र सवारी साधानको सुरक्षामा समेत चुनौती थपिएको न्युरेले बताउनुभयो । उहाँका अनुसार पर्याप्त जग्गा भए पनि सेवाग्राहीलाई पार्किङ सेवा नदिने कार्यालयमा मालपोत, विद्युत्, शिक्षा विकास तथा समन्वय इकाई, नापी, खानेपानी तथा सरसफाइ डिभिजन र जलस्रोत तथा सिँचाइ डिभिजन रहेका छन् । "सदरमुकाममा कतैँ बैंकहरूले कारोबार गर्छन्, उनीहरू कसैको पनि पार्किङको सुविधा छैन्", उपभोक्ता मञ्च बागलुङका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले भन्नुभयो, "सरकारी तथा गैरसरकारी कार्यालयले आफ्ना सेवाग्राहीलाई पार्किङको सुविधा नदिँदा सर्वसाधारण जोखिम मोलेर सडकमा सवारी राख्न बाध्य छन् ।" सडकमा सवारी चापका कारण यात्रा गर्ने अन्यलाई पनि सास्ती हुने गरेको भन्दै हरेक नागरिकले सहज यात्रा गर्न पाउने वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । साँघुरो बजारमा पार्किङ व्यवस्थापन जटिल बन्दै गएपछि नगरपालिकाले पार्किङ सुविधा भएका कार्यालयलाई सेवा दिन आग्रह गरेपनि अटेरी गरिरहेका छन् । "नगर प्रशासनले पटक-पटक प्रमुख जिल्ला अधिकारीमार्फत पार्किङ खोल्न आग्रह गरेका छौँ । कार्यालय परिसरमा केही सवारी पार्किङ हुँदा मात्रै ट्राफिक समस्या घट्छ", बागलुङ नगरपालिकाका प्रमुख बसन्तकुमार श्रेष्ठले भन्नुभयो, "हामीले दीर्घकालीन समाधान तत्काल गर्नसक्ने अवस्था छैन्, तर विकल्पका लागि छलफल गरिरहेका छौँ ।" उहाँले सरकारी कार्यालय तथा बजारमा रहेका बैंकले पार्किङको व्यवस्थापन गर्ने हो भने समस्या कम हुँदै जाने बताउनुभयो । पार्किङ व्यवस्थापनका लागि नगरले विभिन्न योजना बनाएको प्रमुख श्रेष्ठले बताउनुभयो । सरकारी कार्यालयमा पार्किङ सुविधा सर्वसाधारणका लागि उपलब्ध गराउन कार्यालय प्रमुखको बैठकमा निर्णय भइसके पनि हालसम्म निर्णय कार्यान्वयनमा आउन नसकेको उहाँले जानकारी दिनुभयो । "हामीले प्रशासनको पार्किङ खुल्ला गरेका छौँ, सबै कार्यालय प्रमुख बसेर निर्णय भएको छ, प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले भन्नुभयो, "निर्णय कार्यान्वयनका लागि सबै कार्यालयमा पत्र पठाएका छौँ । कार्यान्वयन भए/नभएको बारे बुझेर कार्यान्वयन गराउन पहल गर्नेछौँ ।" नगरपालिकाले सरकारी कार्यालय, ठूला होटल तथा उद्योगले सकेसम्म पार्किङ सेवा दिनेगरी नीति बनाउन थालेको जनाएको छ ।

खासगरी सेवाग्राहीको भिडभाड हुने प्रशासन, टेलिकम, मालपोत र नापी कार्यालयले भएको सुविधा सेवाग्राहीलाई नदिँदा बागलुङ बजारमा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण देखिएको प्रजिअ रिजालको भनाइ छ । पर्यटक भित्रिने मुख्य नाका भएकाले पनि बागलुङ बजारमा जिल्ला बाहिरका सवार साधन धेरै आउने गर्दछन् । यहाँका होटलमा बास बस्दासमेत पर्यटकले सडकमै पार्किङ गर्नुपर्ने बाध्यता छ ।

"हामीले नयाँ बसपार्क सञ्चालन गरेर पार्किङ व्यवस्थापनको योजना बनाएका छौँ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "घुम्ती पार्किङको व्यवस्थापन गरौँ भन्दा व्यवसायीले मान्नुभएको छैन ।" अहिले एकातर्फी पार्किङले ट्राफिक जाम केही हदसम्म नियन्त्रणमा आए पनि दीर्घकालीन व्यवस्थापनका लागि पहल भइरहेको उहाँको भनाइ छ ।

# कास्कीको झोवाङमा रहेको शीतल गुफामा महाशिवरात्रि मेला लाग्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन



कास्कीको झोवाङमा रहेको शीतल गुफामा यही फागुन २५ गते अर्थात महाशिवरात्रि पर्वको अवसरमा विषेश मेला लाग्ने भएको छ ।

महाशिवरात्रिमा गाईको दूध चढाउने श्रद्धालु भक्तजनहरुको भीड लाग्ने भएकोले उक्त दिनमा सो क्षेत्रमा मेला लाग्ने भएको शीतल गुफा धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष सदाखर पौडेलले बताए । पोखराको मुख्य बजारबाट देखि करिब ४२ किलोमिटरको दूरीमा रहेको सो गुफाभित्र चमेरा सहितका विभिन्न देव देउताका आकृतिहरु तथा गुफा भित्र अचम्मको टल्कने टलक लगायतका निकै आकर्षक रहेको उनले जनाए । सो गुफामा विशेषगरी परम्परादेखि नै बालाचतुर्दशीमा सद्बीज छर्ने समयमा समेत भिडभाड हुने गर्दछ । पोखरा बागलुङ सडकखण्ड नयाँपुल नजिक रहेको उक्त गुफा प्रचुर पर्यटकीय सम्भावना रहेर पनि छायामा परेको उनले गुनासो गरे । उक्त गुफा भित्रको सिढी निर्माण गर्न कास्कीको अन्नपूर्ण गाउँपालिकाको विषेश सहयोग प्राप्त भएको अध्यक्ष पौडेलले जनाए । त्यसै गरी उक्त क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा विभिन्न दाता सहित वडा, पालिका, प्रदेश र संघिय सरकार तथा जनप्रतिनिधिहरुको सहयोग रहेको समितिले जनाएको छ । हिजोआज दैनिक जसो फाट्य फुट्य २/४ जना पर्यटकहरुको आगमन हुन सुरु भएको उक्त गुफामा अब हजारौं पर्यटक भित्राउने आफुहरुको योजना रहेको अध्यक्ष पौडेलले बताए ।

# हिमपहिरो पन्छाउन थालियो

**पोखरापत्र संवाददाता**
मनाङ, २३ फागुन

डिस्याङ गाउँपालिका-१ ढुकुरपोखरीमा आइतबार आएको हिमपहिरालाई पन्छाउन थालिएको छ । हिमपहिराका कारण माथिल्लो मनाङ र तल्लो मनाङ आवतजावतमा समस्या हुने जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले ढुकुरपोखरीमा आएको हिमपहिरा पन्छाउन थालिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हिमपहिरो गएको स्थानसम्म पुग्ने समय लाग्यो । सवार साधन जानसक्ने अवस्था छैन । सुरक्षाकर्मी पनि हिँडेर पुग्ने हो । अहिले एक्साभेटर र सुरक्षाकर्मीसहितको टोलीले हिउँ फाल्ने काम गरिरहेका छन् ।"

उहाँका अनुसार आइतबार भारी हिमपात भएपछि उक्त क्षेत्रमा हिमपहिरो गएको हो । प्रजिअ लामिछानेले भन्नुभयो, " मनाङ पर्यटकीय क्षेत्र भएकाले पर्यटक आउने याम सुरु भइसकेको छ । आज बेलुकीसम्म बाटो खुलाउने प्रयासमा छौँ ।" माथिल्लो मनाङ क्षेत्र आवतजावतमा जोखिम हुँदा यात्रा नगर्न सुभाव दिइएको उहाँले बताउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङका प्रमुख ढकबहादुर भुजेलले दैनिकरूपमा यहाँ ५० देखि ६० पर्यटक आउन थालेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " पर्यटक आउने याम सुरु भइसकेको छ । दैनिकरूपमा पर्यटक आगमन बढ्न थालेको छ । भारी हिमपातसँगै आएको हिमपहिराले जोखिम भने बढाएको छ । बाटो नै नछेकिए पनि जोखिम भने छ । सचेत भएर उक्त क्षेत्र पार गर्न आग्रह गर्ने गरेका छौँ ।" समय सकिनलाग्दा परेको भारी हिमपातले किसानलाई राहत मिलेको छ । हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नका साथै मनाङबाट थोराङ ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा अन्नपूर्ण पदमार्गमार्फत पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा रहेको छ ।

अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्ला जोडिएको छ । काठमाडौँबाट बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् र पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन् । दुई समयमा मनाङमा पर्यटक घुम्न आउने गर्दछन् ।

# महायज्ञमा प्रकृति मन्थन

**रामबहादुर थापा**
बागलुङ, २३ फागुन/ रासस

प्राकृतिक स्रोतमाथि भइरहेको अनुचित दोहनप्रति विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् । जल, जमिन र जङ्गलबिना प्राणी जगतको अस्तित्व नरहने भन्दै उनीहरूले चराचर जगतको अस्तित्वका लागि वातावरण र जल संरक्षणमा जोड दिएका हुन् ।

बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा आयोजित 'अनन्तश्री विश्वब्रह्माण्डीय महायज्ञ'अन्तर्गत ' प्राकृतिक स्रोत र वातावरण' विषयक राष्ट्रिय बहस कार्यक्रममा पञ्चकोटका परिकल्पनाकार एवं महायज्ञका सङ्कल्पकर्ता मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले पानी नै सभ्यता, संस्कृति र जीवन हो भन्नुभयो । "अबको विश्वले पानीको सङ्कटसँग जुध्नुपर्छ, विश्वयुद्ध भयो भनेपनि पानीकै कारणले हुन्छ, हामी बाँच्नका लागि पनि पानी जोगाऔँ, पानी नै नभएर यो सारा सृष्टिको अस्तित्व कसरी सम्भव होला ?", उहाँले भन्नुभयो । स्वामी कमलनयनाचार्यले जल सम्पदाको संरक्षणको सन्देश नेपालजस्तो जलस्रोतको धनी देशले दिनुपर्ने भन्दै यसका लागि अभियान नै सञ्चालन गरिने बताउनुभयो । अहिल्यैदेखि जल तथा नेपालका प्राकृतिक सम्पदाको संरक्षणमा लाग्न नयाँ पुस्तालाई उहाँले आह्वान पनि गर्नुभयो । मानवीय कारणले नै अहिले विश्वमा धेरै सङ्कट देखिएको र जलवायु परिवर्तन यस्तै एउटा नयाँ सङ्कटको स्वरुप रहेकाले यही सङ्कटले विश्वमा निकट भविष्यमै पानीको सङ्कट निम्त्याउन लागेको उहाँले बताउनुभयो । स्वामी कमलनयनाचार्यले भन्नुभयो "हाम्रो देवदेश नेपाल जल, जङ्गल र अनेक प्राकृतिक सम्पदाका क्षेत्रमा विश्वमै धनी छ । यही देवभूमिले नै जलसम्पदा संरक्षणको सन्देश विश्वव्यापी रूपमा दिनुपर्नेछ । त्यसैले जल संरक्षणको प्रतीकस्वरुप पञ्चकोटमा निर्माणाधीन विश्वशान्ति गण्डकी कलशको निर्माणलाई पूर्णता दिनु हाम्रो कर्तव्य हुन आउँछ । महायज्ञमा देखिएको अभूतपूर्व उपस्थिति र प्रतिबद्धताले यो अभियानलाई पूर्णता दिने अपेक्षा गर्न सकिन्छ ।" यही फागुन ९ गतेदेखि सुरु भएको यस महायज्ञमा अर्थतन्त्र, राष्ट्रिय सुरक्षा, न्याय, समावेशी समाज, महिला सशक्तिकरण, जल तथा प्राकृति स्रोत सम्पदाहरूको संरक्षण, पूर्वीय चिकित्सा पद्दति र जनस्वास्थ्य, सुशासन, भाषा साहित्य र संस्कृति संरक्षणलगायतका विषयमा सम्बन्धित विषयका विज्ञहरूको सहभागितामा राष्ट्रिय बहस कार्यक्रम आयोजना गरिएको छ । मङ्गलबारको यस प्रकृति बहसमा जलवायु विज्ञ डा बिमल रेग्मीले प्राकृतिक स्रोतमाथिको मानवीय अतिक्रमणका कारण विश्वले जलवायु सङ्कटको सामना गरिरहेको बताउनुभयो ।

"प्राकृतिक स्रोत आर्थिक, सामाजिक विकासको मेरुदण्ड हो, तिनको सही सदुपयोग हुनुपर्छ", उहाँले भन्नुभयो, "धर्म, संस्कृतिका माध्यमबाट पनि समुदायले जमिन, वनजङ्गल र पानीका स्रोतको संरक्षण गरिएको पाइन्छ, यसलाई बढावा दिनुपर्छ ।" प्रकृतिले दिएका अनेक देन र जैविक विविधिता नै नेपालको मुख्य सम्पत्ति भएको उहाँको भनाइ छ । प्रकृति र वातावरणका मुद्दा ओभेलमा परेको सुनाउँदै डा रेग्मीले प्राकृतिक स्रोतसाधनको समुचित प्रयोगले मात्र मुलुकले समृद्धि हासिल गर्ने धारणा राख्नुभयो । "तीनै तहका सरकारको यसमा दायित्व छ, प्राकृतिक स्रोतसाधन र सम्पदाको संरक्षणमा सामुदायिक भावनाको विकास गर्न उत्प्रेरकको काम गर्नुपर्छ", उहाँले भन्नुभयो । जलवायु न्यायको विषय रहेको भन्दै उहाँले पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय स्रोत जुटाउन राज्यले पहल लिनुपर्ने बताउनुभयो । विकसित देशका कारण नेपालले जलवायु सङ्कटको सामान गरिरहनुपरेको डा रेग्मीको भनाइ छ । "अन्तर्राष्ट्रियस्तरका जलवायु तथा वातावरण कोषमा नेपालले पहुँच पुऱ्याउनु आवश्यक छ, जलवायुको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्छ", उहाँले भन्नुभयो । वन विज्ञान अध्ययन संस्थान पोखराका उपप्राध्यापक एवं जलाधार विज्ञ राजन सुवेदीले नेपालको प्राचीन सभ्यता खोलानाला र सम्पदासँग जोडिएको बताउनुभयो । उहाँले धर्मले पनि प्रकृति र वातावरण संरक्षणको पाठ सिकाउने धारणा राख्नुभयो । "पानीको स्रोत नरहे पृथ्वीको अस्तित्व सकिन्छ, पृथ्वीलाई सन्तुलित गरेर राख्ने भूमिका पानीले खेलेको हुन्छ", सुवेदीले भन्नुभयो, "पानीलाई स्वच्छ राखौँ, नदीनाला जोगाऔँ ।"

प्राकृतिक स्रोतसाधनको दिगो व्यवस्थापनमा जोड दिँदै सुवेदीले परम्परागत ज्ञान र संस्कृतिलाई अवलम्बन गर्न सके पर्यावरण संरक्षणमा टेवा पुग्ने विचार राख्नुभयो । 'कालीगण्डकी बचाऔँ अभियान'का संयोजक आरके अदीप्त गिरीले पछिल्ला दशकमा नेपालका नदीनाला मानवीय अतिक्रमणका कारण सङ्कटमा परेको धारणा राख्नुभयो ।

नेपालको हिमालय क्षेत्र हुँदै बग्ने नदीहरू विश्वका दुई अर्ब मानिसको पानीको स्रोत रहेको भन्दै उहाँले गिट्टीबालुवाका नाममा नदीलाई ठेक्का लगाउने प्रवृत्ति घातक रहेको बताउनुभयो । "कालीगण्डकी नदी पाषण युगसँग सभ्यता जोडिएको विश्वकै श्रेष्ठ नदी हो, तर अहिले यो दोहनको दुष्चक्रमा परेको छ, नदी दिनदिनै खण्डहर बनिरहेको छ", गिरीले भन्नुभयो, "मानव जीवनको स्रोत नदी कालीगण्डकीमाथिको हस्तक्षेप रोकिनुपर्छ ।" नेपाल पर्वतीय संवेदनशीलता बोकेको भूगोलमा अवस्थित रहेकाले प्राकृतिक स्रोतको उचित सदुपयोग र व्यवस्थापन हुन नसके अकल्पनीय प्राकृतिक विपत्ति निम्तन सक्ने खतरा रहेको उहाँको भनाइ छ । गिरीले ऋषिमुनीले पूज्दै आएका कालीगण्डकीलगायतका नदीनालाहरूको संरक्षणमा सबै पक्ष जुट्नुपर्ने बताउनुभयो । "विज्ञानको यत्रो चमत्कार हुँदा पनि पानीको आविष्कार भने अहिलेसम्म हुन सकेको छैन", उहाँले भन्नुभयो, "हाम्रा नदीनालामाथि भइरहेको निर्मम दोहनलाई रोकौँ, प्रकृतिसँग खेलवाड नगरौँ, निजिस्कौँ ।"

वातावरण संरक्षण अभियन्ता सिलसिला आचार्यले सहजीकरण गर्नुभएको उक्त बहसमा डिभिजन वन कार्यालय बागलुङका प्रमुख सरोज पन्थीले पृथ्वी मान्छेको मात्रै नभई सारा प्राणी जगतको रहेको बुभ्नुपर्नेमा जोड दिनुभयो । "पृथ्वी जीवजन्तु र वनस्पतिको पनि हो भन्ने सोचको विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "विकास निर्माणका योजना वातावरणमैत्री रूपमा सञ्चालन गर्नु आवश्यक छ ।" वन मासेर सडक निर्माण गर्नका लागि आफूकहाँ दिनदिनै माग आउने गरेको सुनाउँदै उहाँले स्थानीय तहले जथाभावी रूपमा सडक निर्माण गर्ने प्रवृत्ति रोक्नुपर्ने बताउनुभयो ।

महायज्ञको पहिलो दिन यही फागुन ९ गते जल तथा उर्जा विकास, फागुन ११ गते राष्ट्रिय शिक्षा प्रणाली, फागुन १२ गते गण्डकी विकासको अवधारणा, १३ गते प्रादेशिक राजनीति र सुशासन, फागुन १४ गते राष्ट्रिय सुरक्षा प्रणाली, फागुन १५ गते आत्मनिर्भरमुखी कृषि, १६ गते योग तथा खेल, फागुन१७ गते पूर्वीय चिकित्सा पद्धति, फागुन १८ गते राष्ट्रिय अर्थतन्त्रको विकाससम्बन्धी सम्मेलन गरिएको उहाँले जानकारी दिनुभयो । यस्तै फागुन १९ गते समावेशिताको विकास, फागुन २० गते भाषा, साहित्य र संस्कृति, फागुन २१ गते समाजसेवा र हिजो प्राकृतिक स्रोत र वातावरणसम्बन्धी सम्मेलन राखिएको थियो । महायज्ञको अन्तिम दिन आज वैदिक सनातन तथा बौद्ध धर्म र धार्मिक संस्थाको संरक्षणसम्बन्धी सम्मेलन जारी छ ।

# पर्यटककाे आकर्षणमा सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा अवस्थित धार्मिक पर्यटकीयस्थल करबाकेलीमा सञ्चालनमा आएको सङ्ग्रहालय पर्यटकको आकर्षणको केन्द्र बनेको छ ।

करबाकेली 'ट्र्याक' हुँदै भ्रमणमा आउने पर्यटकका लागि प्राकृतिक सौन्दर्यसँगै 'पुन समुदायको सङ्ग्रहालय'मुख्य आकर्षणको केन्द्र बनेको हो । करबाकेली बाबा संरक्षण समितिको अगुवाइमा निर्माण गरिएको पहिचान झल्काउने सङ्ग्रहालयमा दैनिकरूपमा भ्रमणमा आउने पर्यटकले रुचिका साथ अवलोकन गर्ने गरेको करबाकेलीथान संरक्षण समितिका सचिव रवि गर्बुजाले बताउनुभयो । "धौलागिरि र अन्नपूर्ण हिमशृङ्खलाका दर्जन बढी हिमाललाई एकै ठाउँबाट अवलोकन गर्न पाउने यहाँको प्रमुख विशेषता हो, सङ्ग्रहालय सञ्चालनमा आएपछि पर्यटकका लागि थप आकर्षण बनेको छ", उहाँले भन्नुभयो । मौलिकता झल्कने गरी करिब रु ८५ लाखमा निर्माण भएको यो सङ्ग्रहालय बनाउन गाउँपालिकाले रु सात लाख र प्रदेश सरकारले रु पाँच लाख बजेट उपलब्ध गराए पनि अन्य सबै बजेट सहयोगमार्फत जुटाइएको थियो । दुईतला भएको सङ्ग्रहालयमा समुदायका कला, संस्कृति, परम्परा, रहनसहन, जीवनशैली, पहिचान झल्कने सामग्री सङ्कलन गरेर राखिएका छन् । यहाँ आउने सबै पर्यटकले सङ्ग्रहालयमा राखिएका सामानलाई रुचिका साथ अवलोकन गर्ने गरेको करबाकेलीथानका कर्मचारी चन्द्रबहादुर पुनले बताउनुभयो । उहाँका अनुसार यस सङ्ग्रहालयमा पर्यटकका लागि रु एक सय ५० र स्थानीयका लागि रु ५० प्रवेश शुल्क लिने गरिएको छ । विद्यार्थी, बालबालिका, वृद्धवृद्धा र पत्रकारका लागि भने निःशुल्क अवलोकन गर्न पाउने व्यवस्था गरिएको छ ।

सङ्ग्रहालयमा राखिएका परम्परागत पानी घट्ट, कोल, डोको, ढिक्की, जाँतो, मौलिक पहिचान झल्कने पोसाक, हातहतियार, भाँडा, गहनालगायत सामग्रीले पर्यटक आकर्षित हुने गरेका छन् । सङ्ग्रहालयमा राखिएका सामग्रीले परम्परागत समाजको मौलिक कला, संस्कृति, परम्परा, रहनसहन र जनजीवनको झल्को दिने तथा अध्ययनस्थलका रूपमा लिन सकिने बेनीबाट पहिलो पटक करबाकेली पुगुभएका रमेश शर्माले बताउनुभयो ।

ढुङ्गा, माटो, चुन, सिमेन्ट, बालुवा र काठ प्रयोग गरेर मौलिकता झल्कने आकर्षक दुईतले सङ्ग्रहालय भवन निर्माण भएको छ । करबाकेलीथान परिसरमा निर्माण भएको सङ्ग्रहालयले परम्परागत र हराए जाने अवस्थामा पुगेका सामग्रीको संरक्षणमा सहयोग पुगेको अन्नपूर्ण-८कावडाध्यक्षखमबहादुर गर्बुजाले बताउनुभयो ।


## Migration सर्टिफिकेट हरायो

**म आकृती पहारीको पृथ्वीचोकबाट हस्पिटल चोक जाने क्रम मा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा निम्न अनुसारको ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

NEB Registration No: 734039001
SLC Symbol No : 0413715C
Name: Aakriti Shrestha
**ठेगाना नं. : पोखरा-१२ हस्पिटलचोक**
**सम्पर्क नं.: ९८२४१६५९३१**



## Migration सर्टिफिकेट हरायो

**म अंकित श्रेष्ठको हेमजाबाट महेन्द्रपुल जाने क्रम मा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा निम्न अनुसारको ठेगानामा सम्पर्क गरिदिनुहोला ।**

NEB Registration No: 778205016
Symbol No : 28200088
Name: Ankit Shrestha
**ठेगाना नं. : पोखरा-२५, हेमजा**
**सम्पर्क नं.: ९८१९१०१३२८**